प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**मध्यविन्दु जिल्ला अस्पताल**
गण्डकी प्रदेश, नवलपरासी (ब.सु.पुर्व )

प.स.०७९/०८०
च.न.

**प्रयोगशाला सामाग्री ,सर्जिकल सामाग्री तथा औषधी खरिदको लागि बोलपत्र आव्हानको सुचना ।**

**प्रथम पटक सुचना प्रकाशित मिति : २०७९/०६/१४**

आ.व. ०७९/०८० मा अस्पतालको लागि आवश्यक पर्ने **प्रयोगसाला सामाग्री ,सर्जिकल सामाग्री तथा औषधी ई. विडिङ मार्फत** खरिद गर्नुपर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त विक्रेता ,फर्म , कम्पनी तथा सप्लार्यस एवं व्यवसायीहरुले यो सूचना र बोलपत्र फारममा उल्लेखित शर्तको अधिनमा रहि रित पुर्वक बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्न यो सूचना प्रकासित गरिएको छ ।

तपसिल

शर्तहरु:

१. आ.व. २०७९/०८० का लागि नविकरण भएको इजाजतपत्र दर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाणपत्र, पेश गर्नु पर्नेछ । औषधीको हकमा औषधी व्यवस्था विभागको दर्ता प्रमाणपत्र वा नविकरण पेश गर्नु पर्नेछ । ,आ.व.०७८।०७९ को करचुक्ता को प्रमाणपत्र वा म्याद थप भएको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

२ बोलपत्र प्रश्ताव पेश गर्दा जमानत वापत राष्ट्रिय वाणिज्य वैंक कावासोति, कार्यालय कोड नं. ३५५०६४६०१४ लेखी धरौटी खाता नं. ३२००१००२०२०३०००० मा जम्मा गरेको भौचर वा विड वोड दाखिला गर्ने अन्तिम मितिवाट ९० दिन हुनु पर्ने र फारम वापतको राजश्व शुल्क रु. ३००० प्रत्येकको लागि अलग अलग राजश्व खाता नं. १०००२०००१०००० मा कार्यालयको कोड नं..३५५०६४६०१४ राजश्व शिर्षक १४२२९ लेखी जम्मा गरेको सक्कल वैंक भौचर पेश (अपलोड) गर्नु पर्नेछ ।

३.यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समय भित्र खरिद गर्नुपर्नेछ । बोलपत्र रीतपुर्वक भरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको ठिक १२:०० बजे भित्र बोलपत्र अपलोड गराइसक्नुपर्नेछ । दर्ता भएका बोलपत्रहरू सोही दिनको ठिक २:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरूको रोवहरमा यस कार्यालयमा खोलिनेछन् । वोलपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

४. प्रश्ताव पत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दर रेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ ।

५.सप्लार्यसले अस्पताललाई वुझाउने ल्याव जन्य सामाग्री ,सर्जिकल सामाग्री तथा औषधी र औषधीजन्य सामाग्रीहरुको कम्तिमा १ वर्ष (उत्पादन मितिवाट ८० प्रतिशत Expiry date) र WHO GMP वा ISO certified युक्त हुनुपर्ने छ ।

६ अस्पतालले उपलब्ध गराइएको बोलपत्रमा फारममा प्रत्येकको मुल्य आइटम वाइज रुपमा अनिवार्य खुलाउनु पर्नेछ अन्यथा बोलपत्र स्वकित गर्ने, नगर्ने सम्पूर्ण अधिकार अस्पताल प्रशासनमा रहनेछ ।

७. शर्त रहेको,रीत नपुगेको तथा म्याद नाघी आएको प्रश्ताव उपर कुनै कारवाही हुने छैन । एक फर्म वा सस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मको नामवाट जम्मा गर्न पाईने छैन ।

८ यस सूचनामा उल्लेखित ३ वटा बोलपत्र मध्ये विर्डसले आफनो ईच्चा अनुसारका बोलपत्र खरिद गर्न सकिनेछन ।

९. कुनै वा सबै बोलपत्र पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा आइटमवाईज स्वीकार गर्ने वा समुहगत स्वीकार गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ । बोलपत्र स्वीकृत भई सम्झौता गर्न नआएमा बोलपत्र जमानत पुरै जफत हुनेछ ।

१०. बोलपत्र दाताले सर्जिकल सामाग्री ,ल्यावजन्य सामाग्री ,औषधी उत्पादक कम्पनी ,एक्स रे फिल्मको ,आधिकारिक वितरकको वा Manufacture Autharization Letter पेश गर्नु पर्नेछ अन्यथा वोलपत्र मुल्यांकनमा समावेश गरिने छैन ।

.११.बोलपत्र मुल्यांकन गर्दा अस्पतालले आवश्यक ठानेमा नमूना सामान माग गरि सो को आधारमा मुल्यांकन गर्न सक्नेछ ।

१२.बोलपत्रको वि.ओ.क्यू.को प्रत्येक पानामा विर्डसको छाप साथै आधिकारीक व्यक्तिको दस्तखत भएको हुनु पर्नेछ ।

१३.बोलपत्रमा उल्लेखित सामानहरु आवश्यक्ता अनुसार पटक पटक वा एकमुस्ट रुपमा खरिद गरिनेछ । यसरी खरिद गरिने सामाग्री तथा औषधी थप आवश्यक्ता परेमा पुन खरिद गर्न परेमा पनि स्वीकृत टेन्डर दर रेटमा नै उपलब्ध गराउनु पर्नेछ ।

१४.सप्लाई गरिएका सामानहरु निरिक्षण एवं परिक्षण गर्दा सम्झौतामा उल्लेखित गुणस्तर वमोजिमका नभए सम्झौता रद्द गरिनेछ ।

मेडिकल सुपरिटेण्डेन्ट

१५.बोलपत्र दाताले कवोल गरेको बोलपत्रमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारवाट सिधै खरिद गरिनेछ । त्यसरी खरीद गर्दा बोलपत्रमा उल्लेख गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्र दाताको जमानत रकम वा भुक्तानी गर्न बाँकी रकमवाट असुल उपर गरिनेछ ।

१६. बोलपत्र खरिद कारवाहिमा भाग लिन प्रचलित कानुन अनुसार अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नबाझिएको वा ब्यबसाय सम्वन्धि कसुरमा आफुले सजाय नपाएको भनि स्वयं घोषणा पेश गर्नुपर्नेछ ।
त्यस्तो स्वयम घोषण सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ ।

१७. यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

१८.थप जानकारीको लागि यस अस्पतालको प्रशासन शाखामा वा फोन.न.०७८–४१८०४६ सम्पर्क राख्न सकिनेछ । वा अस्पतालको वेव साईड madhyabinduhospital.gandaki.gov.np हेर्नु हुन अनुरोध छ ।

| टेन्डर न. | विवरण | धरौटी रकम रु. | राजस्व दस्तुर रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति | लागत मुल्य रु. (भ्याट बाहेक) | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| MDH-NAW(BSE)-G-NCB-01/2079-80 | Procurement of Lab chemicals, Kits and X-ray Films | ४,९०,०००. | ३००० | २०७९/०७/१४ (31 Oct. 2022) | १,७३,०२,७५५.३३ | २०७९/०७/१५(1Nov 2022) १२:०० बजे सम्म | २०७९/०७/१५(1Nov 2022) २:०० बजे | |
| MDH-NAW(BSE)-G-NCB-02/2079-80 | Procurement of Surgical Items for Hospital. | १,९०,०००. | ३००० | २०७९/०७/१४ (31 Oct. 2022) | ६६,७८,९८२.३ | २०७९/०७/१५(1Nov 2022) १२:०० बजे सम्म | २०७९/०७/१५(1Nov 2022) २:०० बजे | |
| MDH-NAW(BSE)-G-NCB-03/2079-80 | Procurement of Medicines for Hospital | २,०५,०००. | ३००० | २०७९/०७/१४ (31 Oct. 2022) | ८१,९१,८४४.० | २०७९/०७/१५(1Nov 2022) १२:०० बजे सम्म | २०७९/०७/१५(1Nov 2022) २:०० बजे | |

डा.जितेन्द्र कंडेल
मेडिकल सुपरिटेण्डेन्ट

मेडिकल सुपरिटेण्डेन्ट